यशोधरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैदौली, कपिलवस्तु
५ नं. प्रदेश, नेपाल


पत्र संख्या :-२०७५/७६
चलानी नम्बर :-

मिति : २०७५/०७/२६

सूचना । सूचना ॥ सूचना ॥।

**विषय : यशोधरा गाउँपालिकाको Mobile App संचालन सम्बन्धमा ।**

बढदो प्रविधिको विकाससँगै सम्पूर्ण सेवाग्राहीमा सूचना गर्नु हामी सबैको दायित्व हो । यसलाई मध्यनजर गर्दै यशोधरा गाउँपालिकाले आफ्नो कार्यालयका सूचना तथा जानकारी सेवाग्राही तथा स्थानीय जनता सामु छिटो र सजिलो तरिकाले उपलब्ध गराउने उदेश्यले Mobile App संचालन गरेको छ । Mobile App डाउनलोड गर्न र एपमा भएका सम्पूर्ण विशेषताहरु प्रयोग गर्नुहुन सम्पूर्ण सेवाग्राही तथा स्थानीय जनताहरुमा अनुरोध छ ।

## कसरी Download गर्ने Mobile Application ?

- Google Playstore मा गएर Yasodhara Rural Municipality खोजी गर्नुस वा www.yasodhara.gov.np/Mobile-App बाट सोझै गर्नुहोस ।

## के-के गर्न सकिन्छ त Mobile Application ?

- सम्पूर्ण सूचना हेर्न सकिने,
- प्रत्येक वडा कार्यालयलाई समेत तोकी सुझाव तथा गुनासो दिन सकिने छ,
- गाउँपालिका तथा वडाबाट प्रदान गरिने सेवा तथा सुविधा हेर्न सकिने छ,
- वडा कार्यालयको विवरण हेर्न सकिने छ,
- वडा अनुसार समस्या दर्ता गर्न सकिनेछ,
- महत्वपूर्ण स्थान जस्तै पर्यटकीय स्थल, अस्पताल, शैक्षिक संस्था, होटल, बैंक, प्रशासनिक क्षेत्र आदिलाई सिधै Google Map बाट पत्ता लगाउन सकिनेछ,
- आपतकालीन नं. अस्पताल, मालपोत, प्रहारी कार्यालय लगायतका अन्य महत्वपूर्ण कार्यालयको मोबायल नं. सोझै हेर्न र Download गर्न सकिनेछ ।

## के फाइदा हुन्छ त Mobile App Download गरेपछि ?

सूचना प्राप्त गरेको कुनै पनि व्यक्ति पछि हट्नु पर्दैन, हरेक महत्वपूंर्ण कुरा समयमा नै जानकारी भएमा अन्य महत्वपूर्ण काम वा अवसरबाट वन्चित हुनु पर्दैन, आफ्नो हक/हितको लागि आफैले बोल्न सक्ने वातावरण सृजना हुन्छ, समयको सही सदुपयोग हुन्छ । कुनै पनि सूचनाको जानकारी भएको अवस्थामा आवश्यकता अनुसार सल्लाह/सुझाव दिन र सुधारको अवसर प्रदान गर्न सकिन्छ । यशोधरा गाउँपालिकामा हुने सम्पूर्ण सूचना लगायत अन्य कुरा सोझै Mobile App मा प्राप्त गर्न सकिने छ ।

माथिका यी कुरालाई मध्यनजर गर्दै यो सूचना प्रवाह गरिएको छ, आफू जानकारी लिने तथा अरुलाई जानकारी गराउनु हुन समेत अनुरोध गरिन्छ ।

वनारसी प्रसाद हरिजन
प्रमुख प्रशासकीय अधिकृत